नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाडौं
नेपाल।

प.सं. ०८१/०८२
चलानी नम्बर:-

## प्रेस विज्ञप्ति

प्रकाशित मितिः २०८१/०६/१३

प्रस्तुत विषयमा मिति २०८१/०६/१३ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा "वैदेशिक रोजगारको दुईदिने, अभिमुखीकरण तालिम अब तीनदिने देशगत भाषा परीक्षामा फेल भएका कामदार विदेश जान नपाउने" एवम् मिति २०८१/०६/१३ गते प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा "अभिमुखीकरण तालिमसम्बन्धी मापदण्डमा व्यवसायीको असहमति" विषयमा प्रकाशित समाचार प्रति यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ। अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउन विभागले अधिकतम प्रयास गरिरहेको छ जसका लागि सम्पूर्ण सरोकारवालाहरुको उत्तिकै सक्रियता आवश्यक रहन्छ।

अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरुले तोकिएको मापदण्ड बमोजिम तालिम प्रदान नगरेको एवम् प्रशिक्षार्थीहरुलाई तालिमनै नदिई प्रमाणपत्र वितरण हुने गरेको भनी गुनासो प्राप्त भएको तथा विभागबाट अनुगमन गर्दा समेत त्यस प्रकारको अवस्था भेटिएको। सो सन्दर्भमा नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले हाल प्रचलनमा आएको Biometric हाजिरी मेसिन दुरुप्रयोग गरी नक्कली हाजिर गर्ने गरेको हुनाले Irish Machine जडान गर्न पटक पटक विभागलाई अनुरोध गरेको। प्रशिक्षार्थीहरुको Biometric/Thumb हाजिरी प्रभावकारी प्रयोग नभएकोले सबै अभिमुखीकरण प्रदायक तालिम दिने संस्थाहरुले Face Time and Irish Recognition System लागु गर्न श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८१/०४/२९ गते निर्णय भएको। मिति २०८१/०५/०२ गते विभागले Face Time and Irish Recognition System लागू गर्न आवश्यक व्यवस्था गर्न सूचना दिएको एवम् मिति २०८१/०६/१५ गते देखि अनिवार्य Face Time and Irish Recognition System लागू हुने सबै अभिमूखीकरण तालिम प्रदायक संस्थाहरुलाई पत्राचारसमेत भएको जानकारी गराईन्छ।

साथै वैदेशिक रोजगारको तीनदिने अभिमुखिकरण तालिम, तालिम शुल्क वृद्धी भई रु २८०० गरिएको एवम् परीक्षा सम्बन्धमा कुनै सत्यता नरहेको एवम् हाल अभिमुखीकरण तालिम दुई दिननै सञ्चालन हुने, तालिम शुल्क रु ७०० नै रहेको एवम् देशगत भाषा परीक्षा सम्बन्धमा विभागको कुनै पनि निर्णय नभएको व्यहोरा सम्बन्धित सबै सरोकारवालामा जानकारी गराईन्छ।

नेपाल सम्बत ११४४, गंलागा द्वादशी, आईतबार

०८१।६।१३
सूचना अधिकारी
०८१।६।१३